राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

१५ चैत, २०७८

## नेपाल र मलेशियाका राष्ट्रिय मानव अधिकार संस्थाहरु बीच आप्रवासी कामदारहरुको मानव अधिकार संरक्षणार्थ ११ बुँदे समझदारीपत्रमा हस्ताक्षर

राष्ट्रिय मानव अधिकार आयोग नेपाल र मानव अधिकार आयोग मलेशिया (सुहाकाम) बीच दुवै देशमा रहेका आप्रवासी श्रमिकहरुको मानव अधिकार संरक्षण सम्बन्धमा ११ बुँदे समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको छ। राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगर र मानव अधिकार आयोग मलेशियाका अध्यक्ष माननीय ओथमान बिन हासिम (Othman bin Hashim) बीच २०७८ चैत्र १४ (२८ मार्च, २०२२) गते मलेशियामा भएको एक समारोहमा हस्ताक्षर भएको हो। उक्त समझदारिपत्रको अवधि दुईवर्षको हुनेछ।

समझदारीपत्रमा विशेष गरी आप्रवासी श्रमिकहरुको अधिकार संरक्षणका लागि उजुरीमा सम्बोधन, उजुरी प्रेषण, सूचना आदानप्रदान, रोजगारदाताहरुलाई प्रशिक्षण, प्राविधिक सहयोग, आप्रवासी श्रमिकहरुलाई कानूनी सहयोग, अध्यागमन, कारागार र हिरासत कक्षहरुको संयुक्त अनुगमन गरी अधिकार संरक्षण र प्रवर्द्धनको वातावारण सिर्जना गर्ने लगायतका विषयहरु रहेका छन्। समझदारीपत्र कार्यान्वयनको लागि कार्यान्वयन योजना बनाई कार्यान्वयन गर्ने, दुवै आयोगमा सम्पर्क अधिकृत तोक्ने र प्रत्येक ६ महिनामा समन्वय वैठक गर्ने व्यवस्था रहेको छ।

समझदारीपत्र हस्ताक्षर सम्पन्न गर्नुअघि दुवै पक्षबीच भएको छलफलमा एजेन्टहरुका कारण आप्रवासी श्रमिकहरुले भोग्नु परेका समस्या, मलेशियामा रहेका नेपाली श्रमिकहरुको विभिन्न कारणबाट हुने मृत्यु, आत्महत्या, नेपाली श्रमिक तथा परिवारहरुको न्यायमा पहुँच र अध्यागमन कानूनको प्रक्रियागत सरलीकरणका लागि कानून पुनरावलोकन जस्ता विषयहरुमा छलफल भएको थियो।

समझदारीपत्र हस्ताक्षर कार्यक्रममा आयोगका माननीय सदस्य लीली थापा, का.मु. सचिव मुरारिप्रसाद खरेल, सहसचिव र अन्तर्राष्ट्रिय सम्बन्ध र आप्रवासन अधिकृतको सहभागिता रहेको थियो। मानव अधिकार आयोग मलेशियाका तर्फबाट उपाध्यक्ष जोसेफ जेराल्ड र अन्य आयुक्त तथा सम्बन्धित विभागका कर्मचारीहरुका साथै नेपाली दूतावास मलेशियाका उपप्रमुख मोतीबहादुर श्रीसलगायतको सहभागिता थियो।

डा. टीकाराम पोखरेल
प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org